# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## गल्याङ नगरपालिका
## स्याङ्जा

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## गल्याङ नगरपालिका

## स्याङ्जा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

गल्याङ नगरपालिका

स्याङजा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको आ.व. २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

२०८१ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(गण्डकी प्रदेश)

प.सं. २०८०।८१
च.नं. ३०

मिति : २०८१।२।११

विषय: <u>लेखापरीक्षण प्रतिवेदन ।</u>

श्री प्रमुख ज्यू,

गल्याङ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

स्याङ्जा ।

१. **कैफियत सहितको राय** - हामीले पालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रूपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रु.१ करोड ४६ लाख २ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा रु. ४ लाख २९ हजारको प्रतिक्रिया उपर कारबाही भई बाँकी बेरुजु असूल गर्नुपर्ने रु. ३८ लाख ५० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.१ करोड १ लाख ३९ हजार र नियमित गर्नुपर्ने रु.१ लाख ८४ हजार समेत गरी यस वर्ष रु.१ करोड ४१ लाख ७३ हजार बेरुजु कायम रहेको छ । पालिकाको गतवर्ष सम्म रु. १३ करोड १८ लाख ५५ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.१४ करोड ५५ लाख ७६ हजार रहेको छ । पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने यस पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका

छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा** - ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व सङ्कलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी** - नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोबारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी यस पालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ ।

(जयराम घिमिरे)

**नायब महालेखापरीक्षक**

गल्याङ नगरपालिका,

स्याङ्जा जिल्ला

## १. चालु वर्ष २०७९।८० को बेरुजुः

### बेरुजु वर्गीकरण

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ३७ | २६ | १४६०२ | ० | ७ | ४२९ | ३७ | १९ | १४१७३ | ३८५० | १८४ | १०१३९ | ० | ० | १०३२३ | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| स्याङ्जा | १३१८५५ | ० | ४६४ | १३१३९१ | १२ | १४१७३ | १४५५७६ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क.सं. | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम (रु.) |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | ०७९।८० | २० | नामसारीमा जरिबाना | ४९०० |
| २ | ०७९।०८० | ३१ | बाँकी रकम फिर्ता नभएको | ४६६१ |
| ३ | ०७९।०८० | ३६ | बढी छात्रवृत्ति निकासा | ११२०० |
| ४ | ०७९।०८० | ३७ | शिक्षण सिकाई सामग्री बढी निकासा | ८६५० |
| ५ | ०७९।०८० | ३९ | सामुदायिक सिकाइ केन्द्रलाई मापदण्ड पूरा नगरी अनुदान निकासा | ४००००० |
| | **चालु वर्षको जम्मा** | | | **४२९४११** |
| | **गत विगत वर्षतर्फको** | | | |
| | **२०७८।७९** | | | **३४४०००** |
| | **२०७७।७८** | | | **११९५२१** |
| | **गत विगतको जम्मा** | | | **४६३५२१** |
| कुल जम्मा | | | | **८९२९३२** |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

# परिचय

## १ परिचय -

**(क) कार्यालय परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ११ वडा रहेको छ भने क्षेत्रफल १२२.७१ वर्ग किलोमिटर तथा जनसंख्या ३६ हजार ९६७ रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।८ देखि २०८०।६।३० सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरू

सीमाको रूपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** पालिकाको आय-व्ययतर्फ रु. १,०१,६०,५१,०३६।१० को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरू -** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरू अनुसूची - २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असूली -** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. २८,८००।०० असूल भइ दाखिला प्रमाण पेश भएको छ ।

| क्र.सं. | विवरण | रकम (रु.) |
|---|---|---|
| १ | पदाधिकारीहरूलाई दोहोरो अनुगमन भत्ता भएको | १९५५० |
| २ | नयाँ गोरेटो उपभोक्ता समितिलाई बढी भुक्तानी भएको | ५००० |
| ३ | महिला सशक्तिकरण कार्यक्रममा बढी प्रशिक्षक भत्ता भुक्तानी भएको | ४२५० |
| | जम्मा | २८८०० |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरू

२ **एकीकृत आर्थीक विवरण -** पालिकाको एकीकृत आर्थिक विवरण अनुसूचीमा संलग्न छ ।

३ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरेको भएपनि कार्यान्वयन अवस्था सन्तोषजनक छैन । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरू देहायबमोजिम रहेका छन्ः

- पालिकाले आ.व. २०७९।८० को अवधिमा भएको आफ्नो आर्थिक कारोबारको अनुसूची-२११ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको,
- राजश्व सङ्कलन सम्बन्धमा सूचना प्रविधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने नगरेको,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक योजना तयार गरे पनि सोको कार्यान्वयन अवस्था कमजोर रहेको,
- रणनीतिगत विषय, क्षेत्रगत, मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा नल्याएको,
- स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाब्य आयोजनाको बैङ्क तयार गरे पनि लागत यकिन नभएको,
- दिगो विकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरू तोकी मूल्याङ्कन गर्ने कार्य नभएको,
- वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अद्यावधिक नगरेको,
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नगरेको,
- कुनै रकमको भुक्तानी दिंदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद बिल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार नगरेको,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरूको विवरण खुलाई अभिलेख राख्नुपर्नेमा सो नगरेको,
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ७ दफा ३१ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरूको विवरण सम्बन्धित वडा समितिहरूको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरूको विवरण सभामा पेश नगरेको,
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ७ दफा ३२ (३) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरूको नाम नामेसी स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त कार्यविधिको पालना नगरेको,

- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ७ दफा ३२(२) मा पालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धी विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि पालिकाले उक्त विवरणहरू सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको,
- विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा नगरपालिकाले सार्वजनिक सम्पत्तिहरूको अभिलेख नराखेको,
- सवारी तथा उपकरणको मर्मत संरक्षण तथा अभिलेख फारम नराखेको,

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।०३।१० मा रु. ८८ करोड ९९ लाख ४२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।०३।२२ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।०३।२९ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

५ **कानुन र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानुनहरू बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ९ वटा ऐन, ८ वटा कार्यविधि, १ वटा निर्देशिका, १ वटा संहिता सहित १९ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । ५ वटा ऐन, २३ वटा कार्यविधि, २ वटा निर्देशिका, १ वटा गठन आदेश गरी जम्मा ३१ वटा कार्यपालिकाबाट स्वीकृत भएकोमा राजपत्रमा प्रकाशन भएको छैन । तसर्थ उक्त कानुनहरू राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ।

६ **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ३ र यो वर्ष थप भएको ३१ गरी कुल ३४ विवाद दर्ता भएकोमा २१ वटा मात्र फस्यौंट भई १३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

७ **त्रैमासिक पुंजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई

कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

रकम (रु. हजारमा)

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | २७६९५३ | २१४०६ | २३५४६ | ५४८८८ | १७७११३ | १२१५१७ |
| प्रतिशत | | ७.७३ | ८.५० | १९.८२ | ६३.९५ | ४३.८८ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. २७ करोड ६९ लाख ५३ हजार खर्च मध्ये चौथो त्रैमासिकमा रु. १७ करोड ७१ लाख १३ हजार (६३.९५ प्रतिशत) खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु. १२ करोड १५ लाख १७ हजार (४३.८८ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार चौमासिक रूपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरूप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

८ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.सं. | क्षेत्र | बजेट (रु.) | खर्च (रु.) | खर्च प्रतिशत | कुल खर्चको तुलनामा क्षेत्रगत खर्च |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | ७५७५३४४१ | ५५९७८१६० | ७३.९० | ७.२४ |
| २ | पूर्वाधार विकास | २५०४०२००० | १७८४८६२०९ | ७१.२८ | २३.०९ |
| ३ | सामाजिक विकास | ४४६९९३००० | ४०८५६९४१२ | ९१.४० | ५२.८५ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ३४८५५००० | २३१६४६७१ | ६६.४५ | ३.०० |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १४७५८२५५९ | १०६८३९१५४ | ७२.३९ | १३.८२ |
| **जम्मा** | | **९५५५८६०००** | **७७३०३७६०६** | **८०.९०** | **१००.००** |

उपर्युक्त विवरण अनुसार सामाजिक विकास मा सबैभन्दा बढी अर्थात ५२.८५ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटी अर्थात ३ प्रतिशत खर्च भएको छ । पालिकाले आफ्नो पालिकाको माग आवश्यकता र वस्तुस्थितिको आधारमा बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ।

९ **जिन्सी निरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लिखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरिसक्नुपर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरूलाई २०७६।७७ सम्मको मौज्दात प्रविष्टी र जिन्सी निरीक्षण फारम अनिवार्य रूपमा (PAMS)मा प्रविष्टी गर्ने र अनिवार्य रूपमा (PAMS) मा सरकारी सम्पत्तिको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धी देखिएको व्यहोरा निम्नानुसार छः

- कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरूको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ ।अनिवार्य रूपमा PAMS मा जिन्सी दाखिला गरी जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।
- यस पालिका अन्तर्गतका साबिक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।
- नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरूको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

१० **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागु गर्नुपर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरूलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

११ **खर्च विश्लेषण -** पालिकाले यस वर्ष कुल आन्तिरक आयबाट रु.२,१४,६१,४०२।४७, राजस्व बाँडफाँडबाट रु.१४,६०,२८,८९३।७३, अनुदानबाट रु.६०,४६,०२,४१८।०० र बैङ्क मौज्दात रु. ९,९५,३६,१४९।२७ समेत रु. ८७,१६,२८,८६३।४७ आम्दानी भएकोमा चालुतर्फ रु. ४९,६०,८४,१३९।०६ र पुँजीगततर्फ रु. २७,६९,५३,४६६।८४ गरी रु. ७७,३०,३७,६०६।०० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.७७ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुविधामा रु.१,४३,०५,४४६।०० खर्च भएको छ जुन आन्तरिक आयको ६६.६५ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६४.१७ प्रतिशत चालु र ३५.८३ प्रतिशत मात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रूपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

१२ **योजना प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागु गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन,

समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र साँस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नानुसार ११ वडाको लागि वडागत ३५४ र पालिकास्तरमा ३०० गरी कुल ६५४ योजनामा बजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रम | योजना सङ्ख्या | रु.२० लाख माथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ३०० | १२ | ३० | २५८ |
| २. | वडास्तरीय | ३५४ | | १० | ३४४ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरू सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनाबाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लिखित योजना मध्ये १३ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१३ **सहकारी नियमन -** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरणअनुसार पालिका भित्र १०६ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्थाबारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

१४ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशाकीय अधिकृत सहित ४८ जना पदपूर्ति भई ३ रिक्त रहेको देखिन्छ । रिक्त पदहरू कानुन अनुसार पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१५ **कर्मचारी प्रोत्साहन भत्ता -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड सङ्घीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन

सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानुन तथा कार्यविधि बनाई रु.३६,४६,८००।०० प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ ।

१६ **तलबी प्रतिवेदन** - निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत पालिकातर्फ स्थायी कर्मचारीको रु.२,४४,७३,९७२।०० र स्वास्थ्य तर्फका ४७ जना कर्मचारीहरूको रु.३,८६,४०,९२०।०० तलब खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१७ **आर्थिक सहायता** - पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न सङ्घसंस्था र व्यक्तिहरूलाई रु. २३,०४,३५०।०० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. २,१४,६१,४०२।४७ को १०.७३ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

१८ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१९ **स्वीकृत दरबन्दी वेगरको करार सेवा** - सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, २०७४ मा स्वीकृत दरबन्दी भन्दा अन्य रूपमा कर्मचारीहरू राखी तलब भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानुन विपरीत भई भुक्तानी गर्ने पदाधिकारीबाट असूलउपर गर्नुपर्ने साथै नेपाल सरकारले जारी गरेको सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्वन्धी मापदण्ड,२०७८ को दफा ५(२) मा सार्वजनिक निकायले स्वीकृत दरबन्दी भित्रको कार्यालय सहयोगी र सवारी चालक पदमा बाहेक ज्यालादारी वा करारमा थप आर्थिक दायित्व सिर्जना हुने गरी नयाँ नियुक्ती गर्न नपाइने व्यवस्था छ। पालिकाले वडा नं. २, ७, ११ मा गरी दरबन्दी बेगर जम्मा ३ जना कर्मचारीहरू राखी तलब भत्ता बापत रु. ११,८४,४७२।०० खर्च लेखेको छ। दरबन्दी बेगर कर्मचारी नियुक्त गर्दा आर्थिक अनियमितता हुने, कर्मचारी भर्ना गर्दा योग्यता प्रणाली कायम नहुने जोखिम रहन्छ। नियमानुसार संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी आवश्यकताको आधारमा दरबन्दी सिर्जना गरी दरबन्दी अनुसार योग्यता प्रणालीलाई अनुसरण गरी पदपूर्ति गर्नुपर्दछ ।

२० **नामसारीमा जरिबाना -**

*........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१-१-२२ मा रु. ४,९०० सम्परीक्षण गरिएको ।)*

२१ **वितरणमुखी खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । नमुना छनौटको आधारमा केही भौचरहरूको परीक्षण गर्दा पालिकाले देहाय बमोजिमका वितरणमुखी र अनुत्पादक प्रयोजनमा खर्च गरेको देखियो। यसरी हुने खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| भौचर नं. | संस्था/व्यक्ति | कार्यक्रम/प्रयोजन | रकम (रु.) |
|---|---|---|---|
| ६७ | श्री करुणा आमा कृषक समूह | भाँडा खरिद | ५०००० |
| ६७ | न्यू इरा युथ क्लव | वाद्यवादन तथा विद्युतीकरण | १००००० |
| २३८ | शान्तिदिप आमा समूह | तिज गीत प्रतियोगिता तथा दर खाने कार्यक्रम | ४५००० |
| ३६६ | जुनतारा युवा क्लव | भलिबल समेत खरिद | २५००० |
| ४०७ | शितला युवा क्लव | भलिबल प्रतियोगिता | २५००० |
| ४०९ | इश्वरीय मार्ग सच्चाई भवन | फर्निचर समेत खरिदका लागि | २००००० |
| ४१० | आँधिखोला बहुउद्देश्यीय पानी उपभोक्ता संस्था | अध्ययन अवलोकन भ्रमण | ४०००० |
| ४१० | नेपाल राष्ट्रिय मगर सङ्घ | रक्तदान, प्रचार प्रसार कार्यक्रम | ४०००० |
| ४८४ | नमुना महिला समुह | तिज नृत्य एवं दरखाने | २०००० |
| ४८५ | करुणा आमा समुह | तिज नृत्य एवं दरखाने | २०००० |
| ५११ | गल्याङ करौंते सङ्घ | खेलकुद सहयोग | २५००० |
| ५१३ | गल्याङ ब्याडमिन्टन क्लव | खेलकुद सामग्री | १००००० |
| ६०५ | चत्रदेवी आमा समूह | भाडाकुडा र प्लाष्टिकका कुर्सी | ३०००० |

२२ **प्रमाण कागज पेस नभएको -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरेरमात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसारको खर्चमा सो खर्च पुष्टि हुने बिल भरपाई पेस नभएकोले बिल भरपाई पेस गर्नुपर्ने रु.

| भौचर नं. | पेस गर्नुपर्ने कागजात | रकम (रु.) |
|---|---|---|
| ५०३ | खनाल मोटरसाइकल वर्कसपको सक्कल बिल | १४०९३ |
| ६३७ | युनाइटेड प्लाष्टिक ई.प्रा.लि. को बिजक नं ४५० को सक्कल बिल | २४८६० |
| **जम्मा** | | **३८९५३** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३८,९५३ |

२३ **बैठक भत्ता -** गण्डकी प्रदेश खर्च मापदण्ड २०७९ को दफा ३ मा बैठक भत्ता प्रदान गर्ने आधारहरूमा बैठक सार्वजनिक बिदाका दिन वा कार्यालय खुलेको दिन कार्यालय समय अघि वा पछि बसेको हुनुपर्ने, स्पष्ट विषयवस्तु तथा कार्ययोजनाबिना बसेको बैठककमा भत्ता प्रदान नगरिने, एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगरिने,कानुन तथा कुनै निर्णय एवं आदेशबाट गठित समिति वा कार्यदलको बैठकका लागि मात्र भत्ता प्रदान गरिने,कार्य प्रकृति अनुसार मितव्ययी ढङ्गले न्यूनतम संख्यामा बैठक बसी कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ । पालिकाले कार्यालय समयमा कार्यालयको कर्मचारी मात्र बसेको बैठकमा निम्नानुसार बैठक भत्ता खर्च लेखेकोले उक्त रकम सम्बन्धितबाट असूल गर्नुपर्ने रु.

| भौचर नं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| २४ | विभिन्न ८ जना उपस्थित बोलपत्र मुल्यांकन सम्बन्धी बैठक | १०२०० | २०७९।९।२४ गते आईतबार दिनको २ बजेको बैठक |
| २४ | विभिन्न १० जना उपस्थित बोलपत्र मुल्यांकन सम्बन्धी बैठक | १२७५० | २०७९।१२।२९ गते बुधबार दिनको २ बजेको बैठक |
| **जम्मा** | | **२२९५०** | |

| | |
|---|---|
| असूल गर्नुपर्ने | २२,९५० |

२४ **भ्रमण खर्च -** भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको बिल भरी भ्रमण प्रतिवेदन साथ आवश्यक बिल भरपाई सम्बन्धित कार्यालयमा पेस गर्नुपर्ने, सोही नियमावलीको नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाका भ्रमण गर्ने पदाधिकारी तथा कर्मचारीहरूको भ्रमण अभिलेख राखिएको छैन भने भ्रमणपश्चात भ्रमण प्रतिवेदन पेस भएको छैन । भ्रमण अभिलेखको व्यवस्था नगरिएको एवं भ्रमण प्रतिवेदन समेत पेस नभएकोले उद्देश्य अनुसारको भ्रमण कार्य सम्पन्न भएकोमा विश्वस्त हुन सकिदैन। पालिकाले नियमावलीको अनुसूची अनुसार भ्रमण अभिलेखको व्यवस्था गरी भ्रमण प्रतिवेदन पेस गराई भ्रमणलाई विश्वसनीय एवं प्रभावकारी बनाउनुपर्दछ।

२५ **प्रशिक्षक भत्ता -** गण्डकी प्रदेश खर्च मापदण्ड, २०७९ अनुसार सीप विकास तालिममा आवधिक व्यवस्थामा बाहिरी स्रोतव्यक्तिको हकमा ३० कार्यदिन भन्दा बढी मुख्य प्रशिक्षकलाई मासिक रु.१०,००० का दरले प्रशिक्षण खर्च दिने व्यवस्था छ । पालिकाले तीन महिने सिलाई कटाई तालिम कार्यक्रममा देहायबमोजिमका प्रशिक्षकहरूसँग सम्झौता गरी प्रति प्रशिक्षक मासिक रु.२८००० का दरले ३ महिनाको कर बाहेक रु.७१४०० प्रशिक्षक पारिश्रमिक भुक्तानी गरेको छ । खर्च मापदण्डमा तोकेको भन्दा बढी दरमा सम्झौता गरी खर्च लेखेको रकम अनियमित देखिएको रु.

| प्रशिक्षकको नाम | करबाहेक भुक्तानी भएको | हुनुपर्ने दर (रु.) | कर बाहेक हुनुपर्ने (रु.) | बढी भएको रकम (रु.) |
|---|---|---|---|---|
| यानु थापा | ७१४०० | १०००० | २५५०० | ४५९०० |
| खुम कुमारी थापा | ७१४०० | १०००० | २५५०० | ४५९०० |
| प्रेममाया थापा | ७१४०० | १०००० | २५५०० | ४५९०० |
| मिना वि.क. | ७१४०० | १०००० | २५५०० | ४५९०० |
| **जम्मा** | | | | **१८३६००** |

| | |
|---|---|
| अनियमित भएको | १,८३,६०० |

२६ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामुदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवन यापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत स्थानीय तह भित्रका वडाहरूमा नगर सरसफाई, नाली खन्ने, पहिरो सफा गर्ने, ग्याविन जाली भर्ने तथा बाटो निर्माण काम लगायतका २४ निर्माणका कार्यक्रम सञ्चालन गरी यस वर्ष १११ जनालाई रोजगारी उपलब्ध गराई कुल ज्याला रु. ५३ लाख ५६ हजार खर्च गरेको छ। लक्षित वर्गलाई औषत ७४ दिन सम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन्। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सिर्जना भएता पनि कामको दिगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिँदैन।

२७ **गरिबसँग विश्वेश्वर कार्यक्रम -** गरिबसँग विश्वेश्वर कार्यक्रम कार्यान्वयन निर्देशिका, (तेस्रो संसोधन) २०६६ अनुसार यस पालिकामा सञ्चालन भएको गरिबसँग विश्वेश्वर कार्यक्रममा रहेको कुल बजेट रु. ९,४५,०००।०० मध्ये रु. ८,३९,०००।०० खर्च भएको छ। उक्त खर्च मध्ये सामाजिक परिचालकको तलब मात्र रु. ५,८५,०००।०० अर्थात ६९.७२ प्रतिशत खर्च भएको देखिन्छ। बाँकी रकम मध्येबाट १२ माउ बाखा रु. १,२०,०००।०० मा खरिद गरी १२ जना लाभग्राहीलाई वितरण गरेको छ । वितरण गरिसकेपछि त्यसको अवस्था र उपलब्धिबारे अनुगमन गरी प्रतिवेदन पेश नभएकोले उक्त कार्यक्रम लक्ष्योमुखी भएको एकीन हुन सकेन। कुल कार्यक्रम खर्च मध्ये अधिकांश रकम सञ्चालन खर्च हुने गरेकोले कार्यक्रमको आवश्यकता र औचित्यमाथि छलफल गरी अघि बढ्नुपर्ने देखिन्छ ।

२८ **दुध उत्पादनमा अनुमदान कार्यक्रम -** दुध उत्पादनमा अनुदान कार्यक्रम कार्यविधि २०७६, अनुसार पालिकाले कुल रु. १ करोड मध्ये ६१ लाख ८ हजार १८८ खर्च गरेको छ । उत्पादनमा आधारित प्रति लिटर दुधमा १५ रुपैंया अनुदान दिने व्यवस्था अनुसार ७७६ किसानले आफुले उत्पादन गरेको दुध सङ्कलन केन्द्र, सहकारी र फर्ममार्फत बिक्री वितरण गरिरहेका छन्। उक्त कार्यक्रमको मुल उद्देश्य अनुदान वितरण नीतिलाई प्रक्रियामुखीबाट परिणाममुखीतर्फ लैजाने भएकाले २०७६ सालबाट यो कार्यक्रम लागु भई आएकोमा हालसम्म पनि किसान आँफै आत्मनिर्भर भई बजार व्यवस्थापन गर्न सकेको देखिदैन । यो कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गरी किसानलाई आत्मनिर्भर बनाउनेतर्फ पालिकाले ध्यान दिन आवश्यक छ ।

२९ **बढी भुक्तानी -** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको परिच्छेद ७ को (१) मा कृषि उत्पादन सामाग्रीको घाँस खेती बिउबिजन खरिदका लागि स्थानीय तह र लाभग्राहीको ५०।५० प्रतिशत साझेदारी हुनुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त कार्यक्रमका लागि युवा जागरण कृषि पशु तरकारी तथा फलफूल उत्पादन सहकारी संस्था लि. लाई कार्यविधि विपरित ७० प्रतिशत रकम भुक्तानी गरेकोले बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| असूल गर्नुपर्ने | ४५,००० |

**(विस्तृत विवरण बेरूजु दफा २९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३० **कृषि तथा पशुमा अनुदान -** सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकीकरण एवं अनुगमन हुनुपर्दछ र सो को प्रभावकारिता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको सम्बन्धमा प्रतिवेदन पेश गर्नुपर्दछ। साथै अनुदानमा बिउ वितरण गर्दा जग्गाको स्वामित्व हेरेर मात्र वितरण गर्नुपर्दछ। पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष सञ्चालित कार्यक्रम देहाय अनुसार छ।

| गो.भौ.न.।मिति | विवरण | अनुदान रकम |
|---|---|---|
| ५४९।२०८०।३।७ | ५० % अनुदानमा मौरि घार वितरण कार्यक्रम | २,९८,२०० |
| ८१९।२०८०।३।२४ | ५० % अनुदानमा टनेल प्लास्टिक वितरण कार्यक्रम | ४,४८,००० |
| ७९८।२०८०।३।२४ | ५० % अनुदानमा व्यवसायिक कागती खेती विस्तार कार्यक्रम | ७,५०,००० |
| ६२८।२०८०।३।२१ | ५० % अनुदानमा सुन्तला जात पकेट कार्यक्रम | ९,९८,८६३ |
| १५१।२०८०।३।१३ | ५० % अनुदानमा मकै तथा धानको बिउ वितरण कार्यक्रम | २,९७,२०० |
| ३९१।२०८०।१।१४ | ५० % अनुदानमा बिउ आलु वितरण कार्यक्रम | २,८७,००० |
| ४१४।२०८०।१।८ | ५० % अनुदानमा बिउ आलु वितरण कार्यक्रम | १,८५,५०० |

- अनुदानको सही सदुपयोग भए नभएको सम्वन्धमा अनुगमन प्रभावकारी छैन भने अनुदान पश्चातको उपलब्धी मापन गरेको छैन। अनुदानबाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ। अनुदान रकम विभिन्न तरिकाबाट साना साना कार्यक्रम बनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुँदा ठुला अनुदानका कार्यक्रम सञ्चालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्ने देखिन्छ। साथै अनुगमन प्रभावकारी बनाई दोहोरो (सङ्घ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकीन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ।

- कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर बनाउन सरकारले कृषि बीमा तथा पशु बीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। पालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य बीमा गरेमा मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा बीमा गर्ने गराउनेतर्फ पालिकाले ध्यान नदिई अनुदानका कार्यक्रम मात्र सञ्चालन गरेको देखियो। एक सरकारले ल्याएको नीतिलाई अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

३१ **बाँकी रकम फिर्ता नभएको -**

*.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-९ मा रु. ४,६६१ सम्परीक्षण गरिएको ।)*

३२ **प्रशिक्षक भत्ता -** गण्डकी प्रदेश खर्च मापदण्ड, २०७९ मा स्थानीय तहमा अनुसूची १ मा वाह्य प्रशिक्षकलाई कक्षा बापत रु. १००० र कार्यपत्रबापत रु. १५०० उपलब्ध गराउने व्यवस्था छ।

पालिकाले गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ अनुसार पालिकाले लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने कार्यक्रम बमोजिम आवश्यकता पहिचानका आधारमा पुर्नताजगी र एड्भान्स सिप विकास तालिम कार्यक्रम अन्तर्गत वडा नं. २ मा १० दिने चप्पल बनाउने तालिमका लागि प्रशिक्षक बिमला भण्डारीलाई १० दिनको प्रशिक्षण बापत रु. २,०००।०० का दरले कर बाहेक कुल रु. १७,०००।०० भुक्तानी गरेकोले बढी भुक्तानी भएको असूल हुनुपर्ने रु.

| | |
|---|---|
| असूल गर्नुपर्ने | ८,५०० |

३३ **सुरक्षित आप्रवाशन (सामि) -** नेपाल सरकार अर्थ मन्त्रालय तथा प्रदेश सरकारबाट जारी गरेको सुरक्षित आप्रवसन कार्यक्रम मार्गदर्शन, २०७९ बमोजिम पालिकामा वैदेशिक रोजगारलाई सुरक्षित मर्यादित र व्यवस्थित बनाउन नेपाल सरकारद्धारा सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालनमा रहेकोमा उक्त कार्यक्रममा रहेको कुल बजेट रु. २५,००,०००।०० मा रु. १८,१६,२३८।०० खर्च भएको छ। स्थानीय तहमा पार्श्व चित्रमा वैदेशिक रोजगार सम्बन्धी तथ्याङ्क सङ्कलन गरी समावेश गर्दै वैदेशिक रोजगारीलाई सुरक्षित बनाउँदै थप उपलब्धिमूलक बनाउने यो कार्यक्रमको मूल उद्देश्य रहेको छ । उक्त कार्यक्रममा विभिन्न ५ जना कर्मचरीलाई रु. ९,०५,२५९।०० तलब, पार्श्व चित्र निर्माणमा ४ लाख पेश्की र बाँकी रकम कार्यक्रम सञ्चालन, अनुगमन, सामाग्री खरिद, तथा अन्य खर्च गरेको

देखियो। स्रेस्ता परीक्षण गर्दा वित्तीय साक्षरता र मनोपरामर्शको कार्यक्रम भएपनि हालसम्म पार्श्वचित्र तयार भएको छैन । पालिकाले यसको प्रभावकारिताका लागि आवश्यक कदम चाल्नुपर्दछ।

३४ **स्वास्थ्य बीमा कार्यक्रम -** गल्याङ नगरपालिकाको अति विपन्न, दलित, लोपोन्मुख नागरिकको निशुल्क स्वास्थ्य बीमा कार्यक्रम अनुसार पालिकाले यस शिर्षकमा रु.२० लाख बजेट विनियोजन गरी रु.१६,९६,१००।०० खर्च गरेको छ। ११ वटा वडामा बसोबास गर्ने विपन्न तथा गरिब नागरिकको स्वास्थ्य उपचारमा आर्थिक अभावको कारण पहुँच नपुग्ने अवस्थाको अन्त्य गर्ने मूल उद्देश्य रहेको यो कार्यक्रममा जम्मा ४४७ परिवारका २ हजार ४२४ सदस्य संख्या लाभान्वित भएको तथ्य देखिन्छ। वस्तुनिष्ठ र यथार्तपरक मापदण्डहरूको आधारमा लाभग्राही छनौट गरी कार्यक्रमलाई प्रभावकारी बनाई सम्पूर्ण जनसंख्याको समान पहुँच गराउनेतर्फ उचित कदम चाल्नुपर्दछ।

३५ **औषधी खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। स्थानीय तहले विभिन्न फर्महरूबाट रु. १४ लाख ५६ हजारको औषधी ईविड तथा कोटेशनद्धारा खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरू निम्नानुसार छन्:

- आपूर्ति हुने औषधी डव्लु.एच.ओ. प्रमाणित (Certified) हुनुपर्ने, औषधीको उत्पादन मिति, ब्याच नं. र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको,
- आपूर्ति भएका औषधी एवं सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेसिफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।
- औषधीको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रूपमा आम्दानी बाँधने नगरेको,
- औषधीको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको ।

तसर्थ औषधीको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधीहरू LMIS मा प्रविष्टी गरी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| भौचर नं | आपूर्तिकर्ता | खरिद विधि | रकम |
|---|---|---|---|
| ४३ | चिराग फार्मेसि प्रा. लि. | ईविड | ८,७६,८९३ |
| १२० | माउन्ट अन्नपूर्ण फार्मेसी | कोटेशन | ५९,९४३ |
| १०२ | चिराग फार्मेसि प्रा. लि. | ईविड | ५,१९,९९६ |
| **जम्मा** | | | **१४,५६,८३२** |

३६ **छात्रवृत्ति -**

*............ (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१-१-२२ मा रु.११,२०० सम्परीक्षण गरिएको ।)*

३७ **शिक्षण सिकाई सामग्री -**

*............ (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१-१-२२ मा रु. ८,६५० सम्परीक्षण गरिएको ।)*

३८ **पुस्तकालय स्थापना तथा व्यवस्थापन अनुदान -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.७.१३.१३ मा स्थानीय तहले सामुदायिक विद्यालयलाई पुस्तकालय स्थापना तथा व्यवस्थापनका लागि प्रति विद्यालय वार्षिक रु. ६ लाख ५० हजारका दरले उपलब्ध गराउने व्यवस्था छ । राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाट आई. सि. टि. ल्याव व्यवस्थापनका लागि कालिका माद्यामिक विद्यालयलाई रु. ६ लाख ५० हजार अनुदान दिएकोमा स्थानीय तहले पुस्तकालय स्थापना तथा व्यवस्थापनका लागि सोही विद्यालयलाई रु. ६ लाख ५० हजार अनुदान उपलब्ध गराएको छ। अनुदान प्राप्त नगरेका अन्य विद्यालयलाई अनुदान उपलब्ध गराउनुपर्नेमा पालिकाले एउटै विद्यालयलाई अनुदान दोहोरो पारी उपलब्ध गराउनु उचित देखिँदैन । यसमा सुधार हुनुपर्दछ ।

| भौचर नं. | विद्यालय | विवरण | अनुदान रकम |
|---|---|---|---|
| १५० | कालिका माद्यामिक विद्यालय ४ गल्याङ नगरपालिका | पुस्तकालय स्थापना तथा व्यवस्थापन | ६,५०,००० |

३९ **सामुदायिक सिकाई केन्द्र -**

*............ (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१-१-२२ मा रु. ४००,००० सम्परीक्षण गरिएको ।)*

४० **विद्यार्थीलाई प्रोत्साहन -** गल्याङ नगरपालिका भित्रका सामुदायिक माद्यामिक विद्यालयका २० प्रतिशत र सामुदायिक क्याम्पसमा अध्ययनरत १० प्रतिशत गरिब तथा जेहेन्दार विद्यार्थीहरूको लागि छात्रवृत्ति प्रदान गर्ने गल्याङ नगरपालिका नगर शिक्षा समितिको २०७९।८।१६ गतेको निर्णय बमोजिम छात्रवृत्ति प्राप्त गर्न योग्य विद्यार्थीको स्वीकृत नामावली तयार गरी विद्यार्थीहरूलाई नगदै रकम वितरण गरी कुल रु. १२,८०,४००।०० खर्च लेखेकोले छ। कार्यक्रममा भएको खर्च तथा उपलब्धीको विश्लेषण गरी विद्यार्थी प्रोत्साहन कार्यक्रमलाई प्रभावकारी बनाउनुपर्दछ ।

४१ **शिक्षक विद्यार्थी अनुपात -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ।यस स्थानीय तह अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरूको शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या र शिक्षक विद्यार्थी अनुपात अनुसूचीमा समावेश छ।

- स्थानीय तह मातहतमा रहेक ६४ विद्यालयमा ३६४ शिक्षक दरबन्दी रहेकोमा ३६४ पदपूर्ति भएको र पदपूर्ति मध्ये १२० करारमा देखिन्छ । दरबन्दी अनुसारको स्थायी शिक्षक पदपूर्ति हुनुपर्दछ।

- विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएकोबाट कम भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एवं न्यून विद्यार्थी भएका विद्यालयहरू सम्भाव्यताका आधारमा मर्ज गर्नुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ४१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४२ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च (रु.) | आन्तरिक आय (रु.) | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ५१९५२५५३६.९६ | २१४६१४०२.४७ | ४.१३ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ४.१३ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४३ **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर बापत अनुमानित रु.३,३०,००,०००।०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु. २,१४,६१,४०२।४७ अर्थात अनुमान भन्दा ३४.९६ प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

४४ **कर तथा शुल्क असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा बहाल कर, व्यवसाय कर र बहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असूली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान (रु.) | असूली (रु.) | असूली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | २५००००००.०० | १०९५१४५.०० | ४३.८० |
| घरजग्गा बहाल कर | १५००००० | ८४४५१७.७६ | ५६.३० |
| व्यवसाय कर | १७००००० | ०.०० | ०.०० |
| बहाल विरौटी शुल्क | १९५००० | ० | ० |

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असूली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

४५ **व्यवसाय कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क बापत रु. १७ लाख आय अनुमान गरेकोमा असूली शून्य रहेको छ । पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख अद्यावधिक नगरेको कारण असूली शून्य रहेको देखिन्छ । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

४६ **राजश्व रकम समयमा दाखिला नभएको -** गण्डकी प्रदेशको आर्थिक कार्यविधि ऐन,२०७४ को दफा २३ मा प्रचलित कानुन बमोजिम सरकारलाई प्राप्त हुने राजश्व रकम कार्यालयमा प्राप्त भएपछि सरकारी कारोबार गर्ने बैङ्कमा सोही दिन वा काबु बाहिरको परिस्थिति परी सोही दिन दाखिला हुन नसकेमा सोको भोलिपल्ट सञ्चितकोष दाखिला गर्नुपर्ने व्यवस्था छ।

४६.१ नमुना छनौट गरी श्रेस्ता परीक्षण गर्दा पालिकाका विभिन्न वडाहरूले बैङ्क नजिक भएर पनि महिना समाप्त भई सकेपछि अर्को महिनामा मात्र राजश्व दाखिला गरेको पाईएकोले वडाहरूलाई कानुन बमोजिम राजश्व दाखिला गर्न लगाउन पालिकाले उचित ध्यान दिनुपर्दछ ।

| वडा नं. | कुल राजश्व (रु.) |
|---|---|
| १ | ४७९५१८ |
| २ | ५८८८२९ |
| ३ | ७८१९४० |
| ११ | ८८५७९९ |

४६.२ निम्न वडाहरूले टाढा भएको कारण मासिक रूपमा अन्तमा एकमुष्ठ राजश्व बैङ्क दाखिला गर्नुपर्नेमा त्रैमासिक तथा चौमासिक रूपमा एकमुष्ठ दाखिला गरेकोले पालिकाले उक्त वडालाई उल्लिखित तालिका अनुसारको हिसाब किताब गरी कानुन बमोजिमको जरिबाना लगाई हुन आउने रकम असूल गरी राजश्व प्रणालीलाई व्यवस्थित गर्न जोड दिनुपर्दछ।

| वडा नं. | महिना | कुल राजश्व (रु.) | एकमुष्ठ दाखिला मिति |
|---|---|---|---|
| ५ | श्रावण, भाद्र, असोज र कार्तिक | ७९,१५७ | २०७९।८।१९ |
| | मंसिर | १५,९४२ | २०७९।१०।१० |
| | पुष र फागुन | ४१,६४७ | २०८०।१।७ |
| | माघ | २२,५७६ | २०८०।२।३२ |
| | चैत्र, वैशाख, जेठ र असार | १,२६,८६७ | २०८०।३।२७ |

| | | | |
|---|---|---|---|
| ७ | भाद्र, असोज र कार्तिक | २०,४०,४० | २०७९।८।१५ |
| | मंसिर | ४६,७२८ | २०७९।१०।२९ |
| | फागुन | ४९,४६२ | २०७९।१२।१४ |
| | माघ र चैत्र | १,४३,९३६ | २०८० जेठ महिनामा |
| | वैशाख, जेठ र असार | १,६५,०६४ | २०८०।३।२५ |
| | पौष | ८१७१० | २०८०।५।१० |

४७ **पेश्की जमानतको म्याद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ को उप नियम (५) बमोजिम दिएको पेश्की खरिद सम्झौतामा उल्लेख भए बमोजिम प्रत्येक रनिङ्ग बिल वा अन्य बिल बिजकबाट कट्टा गर्नुपर्ने व्यवस्था छ। पालिकाले ठेक्का नं. GM/SYA/NCB/Works/ ०५/२०७९/०८० (जिमुवा आयुर्वेदिक स्वास्थ्य केन्द्र भवन निर्माण) को अन्तिम बिल भुक्तानी पेश्की बाँकी रहेको रकम रु. ७०,०००।०० फछ्यौट नगरी भुक्तानी दिएको छ । यसबाट पालिकालाई बढी व्ययभार परेको छ । उपरोक्त रकम सम्बन्धित निर्माण व्यवसायी Dewatri Sarobar Engineering Builders Pvt.Ltd. बाट असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| असूल गर्नुपर्ने | ७०,००० |

४८ **धरौटी कट्टा नगरेको -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ को उपदफा (१) को खण्ड (ग) ले दिएको अधिकार बमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी गरिएको STANDARD BIDDING DOCUMENT को GCC १५.३ मा निर्माण कार्यको बिल भुक्तानी गर्दा भ्याट बाहेकको रकमको ५ प्रतिशत रकम धरौटी कट्टा गर्नुपर्ने व्यवस्था छ। ठेक्का नं. GM/SYA/NCB/Works/ ०५/२०७९/०८० (जिमुवा आयुर्वेदिक स्वास्थ्य केन्द्र भवन निर्माण) को ठेक्का सम्झौतामा समेत सो व्यवस्था छ । निर्माण व्यवसायी श्री Dewatri Sarobar Engineering Builders Pvt.Ltd.लाई पहिलो बिल भुक्तानी गर्दा धरौटी बापत हुने रकम रु. ६०,९००।०० कट्टा नगरी भुक्तानी भएको छ । उपरोक्त रकम सम्बन्धित निर्माण व्यवसायीबाट असूल गरी धरौटी आम्दानी बाँध्नुपर्ने रु.

| | |
|---|---|
| असूल गर्नुपर्ने | ६०,९०० |

४९ **विद्यालय भौतिक पूर्वाधार निर्माण -** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरू कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरू स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई प्रमाण र कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ । पालिकाले व्यवस्थापन गरेको निम्नानुसार ठेक्काको बिल अनुसार भुक्तानी नगरी एकमुष्ट रकम

विद्यालयको खातामा रकम भुक्तानी गरेकोमा उपरोक्त रकमको कार्यसम्पन्न, बिल भरपाई लगायत प्रमाण पेश भएको छैन । विद्यालयलाई निकासा दिएको रकमको खर्चको प्रमाण पेश गर्नुपर्ने रु.

| ठेक्का नं. | काम | रकम |
|---|---|---|
| GM/SYA/NCB/Works/ १३/२०७९/०८० | सार्वजनिक मा.वि. भवन निर्माण | १०,१००,०००.०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,०१,००,००० |

५० **बीमा खर्च -**

५०.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई प्रमाण र कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ । निम्नानुसार ठेक्काको बीमा बापत सामान्यतया हुने खर्च भन्दा बढी खर्च भएको देखिन्छ ।साथै बीमा बापत खर्चको सक्कल प्रमाण पेश भएन । यसबाट बीमामा भएको खर्च वास्तविक भए नभएको एकिन भएन । खर्चको सक्कल प्रमाण पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने रु.

| ठेक्का नं. | काम | निर्माण व्यवसायी | बीमाको अवधि | खर्च रकम |
|---|---|---|---|---|
| GM/SYA/WORKS/ २०७७-७८/NCB-०४ | Construction of १५ Bed Hospital at Galyang-०१, Malunga | Synergy-Shankhardevi | १७/०९/२०८१ | १,३५२,०९९ |

| | |
|---|---|
| असूल गर्नुपर्ने | १३,५२,०९९ |

५०.२ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा १० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि बाहेक सम्पूर्ण जोखिम बहन गर्ने गरी बीमा गराउनु पर्ने तथा बीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । पालिकाले तपसील बमोजिमका ठेक्काहरूमा बीमा नै नगराइ निर्माण कार्य गराएको तथा पेश्की रकम उपलब्ध गराएको एवं तोकिएको समयमा नै निर्माण कार्य सम्पन्न गर्न नसेकेको कारण उक्त लगानी जोखिममा परेको देखिन्छ । नियमानुसार बीमा गरेर मात्र निर्माण कार्य गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| ठेक्का नं. | काम | सम्झौता रकम (रु.) | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| GM/SYA/NCB/Works/ ०४/२०७९/०८० | Dimik Nimaghat Sadak Nirman | २६७९६३५.५६ | बीमा नगरेको |
| GM/SYA/NCB/Works/ १५/२०७९/०८० | Construction of Gabion Retaining Wall at Approach Road of Municipality Building | १२५०६०१.६० | बीमा नगरेको |
| GM/SYA/NCB/Works/ १३/२०७९/०८० | Construction of Administrative Block at Sarbajanik Ma Vi | १५३२७०२९.०३ | अवधि नपुगेको |
| GM/SYA/NCB/Works/ ०५/२०७९/०८० | Construction of Jimuwa Ayurvedic Health Centre Building | ३१२२३१५.७६ | अवधि नपुगेको |
| GM/SYA/NCB/Works/ १०/२०७९/०८० | Construction of Prakritik Chikitsalaya (Nature Cure Hospital) in Malunga Syangja | २११९६२३४.८५ | अवधि नपुगेको |

५१ **पूर्वनिर्धारित क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा खरिद सम्झौतामा तोकिएको म्यादभित्र कार्य सम्पन्न नगरेमा पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ । साथै निर्माण व्यवसायीसँग भएको सम्झौताको GCC५५.१ मा तोकिएको समयमा कार्यसम्पन्न नगरेमा सम्झौता रकमको प्रति दिन ०.०५ प्रतिशतको दरले अधिकतम १० प्रतिशत सम्म पुर्वनिर्धारित क्षतिपूर्ति लगाउने व्यवस्था छ । पालिकाले व्यवस्थापन गरेका निम्नानुसार ठेक्काको ठेक्का अवधि पटक पटक थप गर्दा समेत निर्माण व्यवसायीको हेलचेक्र्याईको कारण निर्माण कार्य अधुरो रहेको छ भने खरिद सम्झौताको शर्तअनुसार तोकिएको समयमा कार्य गर्न नसकेको मनासिब माफिकको कारण खुलाई म्याद थप गरेको छैन । यसबाट निर्माण कार्यको Cost and time overrun भएको छ भने आयोजना सम्पन्न भए पश्चात प्राप्त हुने लाभ प्राप्तिमा ढिलाइ भएको छ । खरिद सम्झौताको पालना नगरी ढिलाइ गर्ने निर्माण व्यवसायीलाई सम्झौताको शर्तअनुसार पूर्वनिर्धारित क्षतिपूर्ति असूल गरी नियमानुसार निर्माण कार्य सम्पन्न गर्नुपर्ने देखिन्छ । आषाढ मसान्तको हिसाबले लाग्ने हर्जाना रकम रु.

| ठेक्का नं. | निर्माण व्यवसायी | सम्झौता रकम | म्याद थप सहित सम्झौता अवधि | भौत्तिक प्रगति | ढिला अवधि | हर्जाना रकम |
|---|---|---|---|---|---|---|
| GM/SYA/NBC/BC /०९/२०७६/७७ | Lama-Nawa Kantipur Jv, Maharajgunj, Kathmandu | ८३,७९१,६३३ | २०/०३/२०८० | ७९% | १० | ४१८९५८ |
| GM/SYA/WORKS /२०७७-७८/NCB-०४ | Synergy-Shankhardevi | ११५,११५,२३३ | ३०/०२/२०८० | २९% | ३२ | १८४१८४४ |
| **जम्मा** | | | | | | २२६०८०२ |

| | |
|---|---|
| असूल गर्नुपर्ने | २२,६०,८०२ |

५२ **एज बिल्ड ड्रईङ्ग पेश नगरेको -** निम्नानुसार ठेक्काको सम्झौता को GCC७१.२ मा कार्यसम्पन्न भएको ३० दिन भित्र as-build drawing पेश गर्नुपर्ने र नगरेमा रु. १०००० withheld गर्ने व्यवस्था छ । देहाय बमोजिम निर्माण व्यवसायीबाट तोकिए बमोजिम निर्माण कार्य सम्पन्न भएपश्चात As-build drawing पेश भएको छैन। सम्झौता बमोजिमको रकम असूल गर्नुपर्ने रु.

| ठेक्का नं. | निर्माण व्यवसायीको नाम | Withheld गर्नुपर्ने रकम |
|---|---|---|
| GM/SYA/NCB/Works/०१/२०७९/०८० | Geja Kalika Construction | १०००० |
| GM/SYA/NCB/Works/०२/२०७९/०८० | Geja Kalika Construction | १०००० |
| GM/SYA/NCB/Works/०५/२०७९/०८० | Dewatri Sarobar Engineering Builders Pvt.Ltd. | १०००० |
| **जम्मा** | | ३०००० |

| | |
|---|---|
| असूल गर्नुपर्ने | ३०,००० |

## अनुसूचीहरू

**अनुसूची - १**

## आर्थिक कारोबारको स्थिति

**आर्थिक बर्षः** २०७९/८०

**कार्यालय र स्थान :** गल्याङ नगरपालिका, स्याङजा ।

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | श्री लोकनाथ न्यौपाने | २०७८-११-१६ | २०७९-५-२ |
| कार्यालय प्रमुख | श्री दामोदर शर्मा | २०७९-५-३ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | श्री हिमेन्द्र भण्डारी | २०७८-१०-१ | २०७९-५-८ |
| लेखा प्रमुख | श्री तेजन गैह्रे | २०७९-५-९ | हाल सम्म कार्यरत |

**बेरुजु वर्गीकरणः**

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३,८७४,७६२ | ५८८,५०० | १०,१३८,९५३ | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजु रु.** | | | | | १४,६०२,२१५ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ४२९,४११ |
| **संपरीक्षणबाट थप भएको बेरुजु रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजु रु.** | | | | | १४,१७२,८०४ |

**आर्थिक कारोबारको स्थिति :**

| **गत बर्षको जिम्मेवारी** | | ९९५३६१५१.२७ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **सङ्घीय सरकारबाट अनुदान** | ५७५९५२७९३ | **चालु खर्च** | २७६९५३४७०.८४ |

| | | | |
|---|---|---|---|
| प्रदेश सरकारबाट अनुदान | २८६४९६२५ | पुँजीगत खर्च | ४९६०८४१३९ |
| राजश्व बाँडफाँट | १४३५९८७३८.७३ | वित्तीय/अन्य व्यवस्था | २४३१९४०८०.४५ |
| आन्तरिक आय | १३९९८९५३.४७ | | |
| अन्य आय | २५३८५०९२५.९ | | |
| कुल आय | १०१६०५१०३६.१ | कुल खर्च | १०१६२३१६९०.२९ |
| बाँकी मौज्दात | | ९९३५५४९७.०८ | |

## बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची -२

| क.सं. | आय तर्फ | | | क.सं. | व्यय तर्फ | |
|---|---|---|---|---|---|---|
| | विवरण | रकम | जम्मा रकम | | विवरण | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | | १ | चालु खर्च (साट्न बाकी चेक घटाएर) | ४९६०८४१३९.०६ |
| | क) नगद | ०.०० | | २ | पुँजीगत खर्च (साट्न बाकी चेक घटाएर) | २७६९५३४६६.८४ |
| | ख) बैङ्क | ९९५३६१५१.२७ | ९९५३६१५१.२७ | ३ | विषयगत (भुक्तानी आदेश वनाइ खर्च गर्ने) तर्फः | ०.०० |
| २ | राजस्व (आन्तरिक आय) | | १५७५९७६९३.३० | | सामाजिक सुरक्षा | १९१६३८७७६.०० |
| | क) आन्तरिक राजस्व | १३९९८९५३.४७ | | | गरिबसँग विश्वेश्वर | ८३९०००.०० |
| | ख) संघिय राजस्व बाँडफाँड | १२८५९३५६६.८३ | | | एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | २०९२९७६६.०० |
| | ग) प्रदेश राजश्व वाँडफाँड | १५००५१७३.०० | | | स्वच्छ वातावरण कार्यक्रम | ०.०० |
| | घ) मालपोत रजिष्ट्रेशन शुल्क | ०.०० | | | प्रदेस तथा स्थानीय शासन सहयोग कार्यक्रम(सङ्घतर्फ अनुदान) | ०.०० |
| | ङ) दहत्तरबहत्तर वाँडफाँडबाट प्राप्त | ०.०० | | | | |
| ३ | वित्तीय हस्तान्तरण | | ५७५९५२७९३.०० | | | |
| | क) वित्तीय समानीकरण अनुदान | १३१५३५०००.०० | | | | |
| | ख) सशर्त अनुदान | ४०८५९८०००.०० | | ४ | वित्तीय व्यवस्था भुक्तानी | ०.०० |
| | ग) समपूरक अनुदान | २००००००००.०० | | | क) ऋण भुक्तानी | ०.०० |
| | घ) विशेष अनुदान | १५८१९७९३.०० | | | ख) ब्याज भुक्तानी | ०.०० |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | २८६४९६२५.०० | | ग) अन्य भुक्तानी | ०.०० |
| | क)वित्तीय समानीकरण अनुदान | १४८००६२५.०० | | ५ | लगानी | ०.०० |
| | ख) सशर्त अनुदान | ८८७३०००.०० | | | ऋण लगानी | ०.०० |
| | ग) समपूरक अनुदान | ४९७६०००.०० | | | शेयर लगानी | ०.०० |
| | घ) विशेष अनुदान | ०.०० | | | अन्य लगानी | ०.०० |
| | अन्तर स्थानीय तहबाट प्राप्त | ०.०० | | ६ | धरौटी फिर्ता (साट्न बाकी चेक घटाएर) | २५६६२१९.०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | वित्तीय व्यवस्था प्राप्ति | | | | | |
| | क) ऋण प्राप्ति | ०.०० | | | विभिन्न कोषतर्फको खर्च | |
| | ख) साँवा प्राप्ति | ०.०० | | | विभाज्य कोष खाता | २१७२४८१.०० |
| | ग) व्याज प्राप्ति | ०.०० | | ७ | बिबिध कोष खाता | ०.०० |
| ७ | विभिन्न कोषतर्फको आय | | १६४२९३३४.९० | | कर्मचारी कल्याण कोष | ०.०० |
| | विभाज्य कोष खाता | ४६०२६३४.९० | | | लैंगिक हिंशा | ०.०० |
| | बिबिध कोष खाताः | १०००००.०० | | | पी.सि.आर.ल्याव | ०.०० |
| | कर्मचारी कल्याण कोष | ०.०० | | | साझेदारी विकास कोष | ०.०० |
| | लैंगिक हिंशा | ०.०० | | | मर्मत संभार कोष | ०.०० |
| | पी.सि.आर.ल्याव | ०.०० | | | वेदव्यास शिवपान्चायन १०८ फिट | ०.०० |
| | साझेदारी विकास कोष | ०.०० | | | प्रकोप व्यवस्थापन तथा अन्य कोष | ०.०० |
| | मर्मत संभार कोष | ०.०० | | | विविध खर्च खाता (साट्न बाकी चेक घटाएर) | १७६९३७६.०० |
| | वेदव्यास शिवपान्चायन १०८ फिट | ०.०० | | | विपद व्यवस्थापन/कोष | ०.०० |
| | प्रकोप व्यवस्थापन तथा अन्य कोष | ८४०७८२.०० | | | | |
| | आकस्मिक कोष खाता | ०.०० | | ८ | मौज्दात | |
| | विविध खर्च खाता | १०८८५९१८.०० | | | क) नगद मौज्दात | ०.०० |
| ८ | विषयगत (भुक्तानी आदेश वनाइ खर्च गर्ने) तर्फः | | २१३४०७५४२.०० | | ख) चालु खर्च खाता | ०.०० |
| | सामाजिक सुरक्षा | १९१६३८७७६.०० | | | ग) पुजीगत खर्च खाता | ०.०० |
| | गरिबसँग विश्वेश्वर | ८३९०००.०० | | | घ) बैङ्क मौज्दात (सञ्चित कोष खाता) | ७५३१२७९२.०८ |
| | एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | २०९२९७६६.०० | | | ङ) आकस्मिक कोष खाता | ०.०० |
| | स्वच्छ वातावरण कार्यक्रम | ०.०० | | | च) बैंक मौज्दात (धरौटी कोष खाता) | १३९८५३८१.०० |
| | प्रदेस तथा स्थानीय शासन सहयोग कार्यक्रम(सङ्घतर्फ अनुदान) | ०.०० | | | छ) बैंक मौज्दात (प्रकोप व्यवस्थापन कोष) | ८४०७८२.०० |
| ९ | लागत सहभागिता | ७४६२४४९.०० | ७४६२४४९.०० | | ज) विविध खर्च | ९११६५४२.०० |
| १० | धरौटी आय | १६५५१६००.०० | १६५५१६००.०० | | झ) विविध कोष खाता | १०००००.०० |
| ११ | लगानीको साँवा फिर्ता | ०.०० | | | सङ्घीय र प्रदेश सञ्चितकोषमा फिर्ता | २३२७८४६७.४९ |
| १२ | अन्य विविध आय | ०.०० | | | | |
| **जम्मा** | | **१११५५८७१८८.४७** | | | **जम्मा** | **१११५५८७१८८.४७** |

### बेरूजु दफा २९ सँग सम्बन्धित विवरण - अनुसूची -३

| गो.भौ.नं.।मिति | संस्थाको नाम | कुल रकम | भुक्तानी भएको रकम | भुक्तानी हुनुपर्ने रकम | बढी भुक्तानी भएको रकम |
|---|---|---|---|---|---|
| ९६।२०८०।१।२९ | युवा जागरण कृषि पशु तरकारी तथा फलफूल उत्पादन सहकारी संस्था लि. | १,५०,००० | १,२०,००० | ७५,००० | ४५,००० |
| जम्मा | | | | | ४५०००।०० |

## बेरूजु दफा ४१ सँग सम्बन्धित विवरण - अनुसूची -४

| क्र.सं. | विद्यालयको नाम | शिक्षक दरवन्दि | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या | विधार्थि शिक्षक अनुपात |
|---|---|---|---|---|---|---|
| १ | श्री सार्वजनिक मा वि | २० | २० | ३ | ४०८ | २० |
| २ | श्री प्रतिभा आ वि | ३ | ३ | १ | ३९ | १३ |
| ३ | श्री महेन्द्र आ वि | ३ | ३ | १ | ३९ | १३ |
| ४ | श्री शिवालय मा वि | १५ | १५ | ३ | १७५ | १२ |
| ५ | श्री हिमान्चल आ वि | ७ | ७ | १ | ६९ | १० |
| ६ | श्री राधाकृष्ण आ वि | ५ | ५ | २ | ७९ | १६ |
| ७ | श्री जगत्रदेवि आ वि | ४ | ४ | ० | ६७ | १७ |
| ८ | श्री वमभङ्याङ आ वि | २ | २ | ० | ४२ | २१ |
| ९ | श्री लखन थापा आ वि | ३ | ३ | १ | ७९ | २६ |
| १० | श्री वालिद्ध आ वि | २ | २ | २ | २३ | १२ |
| ११ | श्री भानुभक्त आ मा वि | २३ | २३ | ३ | ७७० | ३३ |
| १२ | श्री ज्ञानज्योती आ वि | ५ | ५ | १ | ७९ | १६ |
| १३ | श्री शिशु कल्याण मा वि | १४ | १४ | ५ | १०२ | ७ |
| १४ | श्री कालिका मा वि | १४ | १४ | ३ | १७७ | १३ |
| १५ | श्री चन्द्रज्योति आ वि | ५ | ५ | २ | ४२ | ८ |
| १६ | श्री दुर्गादेवि आ वि | १ | १ | ० | ७ | ७ |
| १७ | श्री कोपिला आ वि | ५ | ५ | १ | ५७ | ११ |
| १८ | श्री जनहित आ वि | १ | १ | ० | २२ | २२ |
| १९ | श्री विद्याज्योति आ वि | १ | १ | १ | १२ | १२ |
| २० | श्री सत्यशिला मा वि | ११ | ११ | ५ | ९१ | ८ |
| २१ | श्री कालिका आ वि | २ | २ | ० | ३० | १५ |
| २२ | श्री वालकल्याण आ वि | २ | २ | ० | २७ | १४ |
| २३ | श्री चण्डि आ वि | १ | १ | ० | १२ | १२ |
| २४ | श्री वालकल्याण आ वि | २ | २ | १ | २४ | १२ |
| २५ | श्री स्वरस्वति आ वि | ६ | ६ | १ | ५० | ८ |
| २६ | श्री जनप्रिय आ वि | १ | १ | १ | १६ | १६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २७ | श्री नरोदया मा वि | १९ | १९ | ७ | २५९ | १४ |
| २८ | श्री सालघारी आ वि | ३ | ३ | ० | ४३ | १४ |
| २९ | श्री जीवनज्योति आ वि | १ | १ | ० | २२ | २२ |
| ३० | श्री स्वरस्वति आ वि | ३ | ३ | १ | ४१ | १४ |
| ३१ | श्री पुण्यभुमि आ वि | १ | १ | १ | १२ | १२ |
| ३२ | श्री पात्ले पोखरा आ वि | ० | ० | ० | ७ | |
| ३३ | श्री चिउरी खर्क आ वि | ६ | ६ | ३ | ५० | ८ |
| ३४ | श्री चितुङ आ वि | ५ | ५ | ३ | ५१ | १० |
| ३५ | श्री राष्टिय मा वि | ११ | ११ | ४ | १३६ | १२ |
| ३६ | श्री महाकाली आ वि | १ | १ | १ | १७ | १७ |
| ३७ | श्री कालिका आ वि | ३ | ३ | ० | ३३ | ११ |
| ३८ | श्री स्वरस्वती आ वि | ३ | ३ | ० | २९ | १० |
| ३९ | श्री विरेन्द्र आदर्श आ वि | २ | २ | ० | १७ | ९ |
| ४० | श्री महेन्द्र आदर्श आ वि | ३ | ३ | ३ | ७२ | २४ |
| ४१ | श्री नवदुर्गा आ वि | २ | २ | ० | २७ | १४ |
| ४२ | श्री नेपाल राष्ट्र मा वि | १५ | १५ | ७ | ३०३ | २० |
| ४३ | श्री ज्योति आ वि | ० | ० | ० | ४ | |
| ४४ | श्री महेन्द्र दर्शन मा वि | १० | १० | ५ | १२३ | १२ |
| ४५ | श्री जनज्योति आ वि | ३ | ३ | ० | २१ | ७ |
| ४६ | श्री चण्डिका आ वि | ३ | ३ | १ | ७४ | २५ |
| ४७ | श्री शिद्धशक्ति आ वि | ३ | ३ | ० | ५१ | १७ |
| ४८ | श्री रामराज्य आ वि | ३ | ३ | ० | ४५ | १५ |
| ४९ | श्री ज्ञानद्धय मा वि | १५ | १५ | ८ | २६० | १७ |
| ५० | श्री जानकी मा वि | १७ | १७ | ६ | ३३१ | १९ |
| ५१ | श्री गण्डकी मा वि | ९ | ९ | ४ | १७९ | २० |
| ५२ | श्री नेत्रलज्योति आ वि | ३ | ३ | १ | ७० | २३ |
| ५३ | श्री पुकवादीभञ्ज्याङ मा वि | १३ | १३ | ८ | १४४ | ११ |
| ५४ | श्री देवी भञ्ज्याङ आ वि | २ | २ | २ | २८ | १४ |
| ५५ | श्री जनकल्याण आ वि | ३ | ३ | ० | ४५ | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५६ | श्रीवर्जेभङ्याङ मा वि | १३ | १३ | ६ | १३० | १० |
| ५७ | श्री गल्कोट मा वि | १६ | १६ | ६ | २३१ | १४ |
| ५८ | श्री वालज्योति आ वि | २ | २ | १ | ३९ | २० |
| ५९ | श्री गणेश आ वि | ६ | ६ | २ | १०७ | १८ |
| ६० | श्री तुरादेवि आ वि | १ | १ | १ | १८ | १८ |
| ६१ | श्री हुलाग आ वि | ४ | ४ | ० | १३९ | ३५ |
| ६२ | श्री लालिगुरांश आ वि | १ | १ | १ | २९ | २९ |
| ६३ | श्री शिवशक्ति आ वि | ० | ० | ० | ३६ | |
| ६४ | श्री रामनदिधाम गुरुकुल | १ | १ | ० | ७९ | ७९ |
| | जम्मा | ३६४ | ३६४ | १२० | ५८५० | १६ |